apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: २९१ ● पृष्ठ: ४ ● १९ कार्तिक २०८३ विहीबार (05 November 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

सूचना

शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

मधेशी समुदायको सरकारी सेवामा पहुँच बढाउन मिर्चैयामा लोकसेवा अभिमुखीकरण

सरकारी सेवामा सहभागिता र प्रतिनिधित्व अभिवृद्धि गर्न युवायुवतीलाई परीक्षाको तयारीबारे जानकारी

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १८ गते

मधेशी समुदायका युवायुवतीलाई लोकसेवा आयोगको परीक्षाप्रति अभिप्रेरित गर्दै सरकारी सेवामा पहुँच, सहभागिता र प्रतिनिधित्व अभिवृद्धि गर्ने उद्देश्यले सिरहाको मिर्चैयामा लोकसेवा परीक्षा तयारीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

मधेशी आयोग, काठमाडौंको आयोजनामा मिर्चैया नगरपालिका-५ स्थित श्री ब्रह्मचारी दामोदरानन्द कलेजमा बुधबार आयोजित कार्यक्रममा लोकसेवा आयोगको परीक्षा प्रणाली, तयारीका विधि तथा सरकारी सेवामा प्रवेशका अवसरबारे जानकारी गराइएको थियो।

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी शान्ति राज प्रसाईं प्रमुख अतिथि थिए। जिल्ला प्रहरी



कार्यालय सिरहाका प्रहरी उपरीक्षक वासुदेव पाठक तथा मधेश प्रदेश लोक सेवा आयोगका शाखा अधिकृतद्वय योगेन्द्र खंगाल र सूर्यशेखर खड्का विशेष अतिथिका रूपमा सहभागी थिए।

त्यसैगरी कलेजका प्रमुख सञ्जय साह, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीलाई लोकसेवा आयोगको वार्षिक तथा अर्धवार्षिक परीक्षा कार्यतालिका, विज्ञापन, सेवा प्रवेशका लागि आवश्यक न्यूनतम योग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली, नतिजा प्रकाशन र सिफारिस प्रक्रियाबारे जानकारी दिइएको थियो। साथै लोकसेवा परीक्षाको तयारी गर्ने तरिका, अध्ययन योजना निर्माण, प्रतिस्पर्धात्मक क्षमता विकास तथा सरकारी सेवामा प्रवेशका अवसरबारे समेत अभिमुखीकरण गरिएको थियो।

कलेजबाट अध्ययन पूरा गरी बाहिरिएका पूर्वविद्यार्थी तथा हाल विभिन्न तह, वर्ष र सेमेस्टरमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ। सरकारी सेवामा प्रवेश गर्न इच्छुक मधेसी समुदायका युवायुवतीलाई लोकसेवा परीक्षाको प्रक्रिया र तयारीबारे समयमै जानकारी गराउँदै उनीहरूलाई प्रतिस्पर्धाका लागि अभिप्रेरित गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको जनाइएको छ।

कार्यक्रमले लोकसेवा परीक्षासम्बन्धी अन्योल हटाउन, तयारीको उचित योजना बनाउन र सरकारी सेवामा प्रवेशका अवसरबारे जानकारी हासिल गर्न विद्यार्थीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ।

जनकपुर बिजलपुरा रेल सेवालाई व्यवस्थित र पर्यटकमैत्री बनाउन माग



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १८ गते

नेपालको एकमात्र रेल जयनगर बिजलपुरा रेल्वेकलाई व्यवस्थित र पर्यटकमैत्री बनाउन माग गरिएको छ।

जनसरोकार अभियानले नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीलाई बुधबार १० बुँदे ज्ञापनपत्र बुझाएको छ। अभियानका सदस्यहरुले जनकपुरधामस्थित रेल्वेको कार्यालयमा पुगेर महाप्रबन्धक पराजुलीलाई ज्ञापनपत्र बुझाउँदै रेल्वे स्टेसन तथा प्लेटफर्मको सरसफाइ, यात्रु सुविधाको व्यवस्थापन, भौतिक संरचनाको मर्मतसम्भार र रेल्वे सेवाको विस्तारलगायतका विषयमा तत्काल सुधार गर्न १० बुँदे मागसहितको ज्ञापन पत्र बुझाएका छन्।

भारतको अयोध्याबाट जनकपुरधाम सम्म रामायण सर्किटअन्तर्गत रेल सेवा सञ्चालनको तयारी भइरहेका बेला जनकपुर रेल्वेको वर्तमान अवस्थाले अन्तर्राष्ट्रिय स्तरमा नकारात्मक सन्देश जान सक्ने भन्दै अभियानले उठाएका मागहरु जति सक्दो छिटो पूरा गर्न आग्रह गरेको छ।

ज्ञापनपत्रमा रेल चढ्ने तथा ओर्लिने यात्रुको सहज आवागमन र व्यवस्थापनका लागि उचित व्यवस्था मिलाउन माग गरिएको छ। प्लेटफर्मको दैनिक सरसफाइको अवस्था दयनीय रहेको उल्लेख गर्दै उच्चस्तरको सफाइ

बाँकी पृष्ठ ४ ▸▸

सिरहाको महिसोथामा निःशुल्क स्वास्थ्य शिविर, ३७० जनाको उपचार



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १८ गते

सिरहा नगरपालिका-८ महिसोथामा बुधबार आयोजित निःशुल्क बृहत् स्वास्थ्य शिविर सम्पन्न भएको छ। शिविरमा ३७० जनाले स्वास्थ्य उपचार सेवा लिएका छन्।

युवा समाज महिसोथाको आयोजनामा श्री आधारभूत विद्यालय महिसोथामा सञ्चालन गरिएको शिविरमा विभिन्न रोगका विशेषज्ञ चिकित्सकहरूले स्थानीय सर्वसाधारणको स्वास्थ्य परीक्षण गरेका थिए।

शिविरमा सामान्य स्वास्थ्य परीक्षणका साथै ल्याब परीक्षण, ईसीजी, इको (ECHO), रेडियोलोजी तथा

बाँकी पृष्ठ २ ▸▸

आईजीपीलाई दर्ज्यानी चिह्न प्रदानपछि गृहमन्त्रीको निर्देशन-नागरिक र प्रहरीबीचको ग्याप अब रहनुहुन्न



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १८ गते

गृहमन्त्री सुधन गुरुङले प्रहरी संगठनलाई शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण गर्न तथा विपद् व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिएका छन्।

नवनियुक्त प्रहरी महानिरीक्षक डा. मनोज केसीलाई दर्ज्यानी चिह्न प्रदान गर्ने क्रममा गृहमन्त्री गुरुङले प्रहरीको व्यवहार नागरिकमैत्री हुनुपर्नेमा जोड दिँदै नागरिक र प्रहरीबीचको दूरी घटाउनुपर्ने बताएका हुन्।

उनले भने, 'नागरिकसँग कसरी व्यवहार गर्ने भन्ने कुरामा विशेष ध्यान दिनुहोला। नागरिक र प्रहरीबीचको ग्याप अब रहनु हुँदैन। दूरी कम हुँदै गएको छ, यसलाई अझै घटाउँदै लैजानुपर्छ।'

गृहमन्त्री गुरुङले सकारात्मक कामका लागि गृह मन्त्रालय सधैं प्रहरी संगठनको साथमा रहने प्रतिबद्धता व्यक्त गरे। प्रहरीलाई काम गर्ने क्रममा

बाँकी पृष्ठ ४ ▸▸

पोसाक भत्ता बुझ्ने भूमि प्रशासन प्रमुख नै जिन्स र भेस्टमा कार्यालय आउने गरेको आरोप

सरकारी पोसाकसम्बन्धी व्यवस्था पालना नगरेको र सेवाग्राहीलाई दुःख दिएको गुनासो

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १८ गते

सरकारी कर्मचारीलाई तोकिएको पोसाक प्रयोग गर्नुपर्ने व्यवस्था भए पनि भूमि प्रशासन कार्यालय सिरहाका प्रमुख सुबोधकुमार ठाकुर कार्यालय समयमा जिन्स पाइन्ट र भेस्ट लगाएर आउने गरेको आरोप लागेको छ। सरकारी पोसाकका लागि वार्षिक रूपमा भत्ता बुझ्दै आएका कार्यालय प्रमुखबाटै पोसाकसम्बन्धी व्यवस्था पालना नभएको भन्दै उनको कार्यशैलीमाथि प्रश्न उठेको छ।

नेपाल सरकारले निजामती कर्मचारीलाई कार्यालयको पहिचान, अनुशासन र मर्यादा कायम राख्ने उद्देश्यले तोकिएको पोसाक प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ। यसका लागि प्रत्येक कर्मचारीलाई वार्षिक १० हजार रुपैयाँका दरले पोसाक भत्ता उपलब्ध गराउँदै आएको छ। तर, कार्यालय प्रमुख ठाकुरले भने कार्यालय समयमा सरकारी पोसाक प्रयोग नगर्ने गरेको आरोप छ।

स्थलगत रिपोर्टिङका क्रममा ठाकुरलाई पटक-पटक कार्यालय समयमा सरकारी पोसाकको सट्टा जिन्स पाइन्ट, भेस्ट र कालो चस्मा लगाएर कार्यालय आउने गरेको अवस्थामा भेटिएको दाबी गरिएको छ। उनी केही दिनदेखि लगातार सरकारी पोसाकबिना नै कार्यालय आउने गरेको देखिने तस्बिर तथा भिडियोसमेत प्राप्त भएको छ।

यस विषयमा कार्यालय प्रमुख ठाकुरलाई सरकारी पोसाक नलगाउनुको कारणबारे प्रश्न गर्दा उनले सुरुमा आफू सिधै फिल्डबाट कार्यालय आएकाले पोसाक लगाउन

बाँकी पृष्ठ ३ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

निर्माण कम्पनीको बदमासीमा रोक लगाउ

जिल्ला सदरमुकाम सिरहाको मुख्य सडक निर्माण तथा विस्तारको काम अघि बढिरहेको छ। साँघुरो सडकलाई फराकिलो बनाउने र व्यवस्थित सहरी सडक निर्माण गर्ने उद्देश्यले भइरहेको यस कार्यले स्थानीयवासीमा विकास र सुविधाको अपेक्षा जगाएको छ। तर सडक निर्माणको कामसँगै देखिएका अव्यवस्था, लापरवाही र सुरक्षासम्बन्धी चुनौतीले भने नागरिकलाई सास्ती दिन थालेका छन्। विकासका नाममा नागरिकले जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था सिर्जना भएको छ। जुन कदापि उचित होइन्। सडक विस्तारका क्रममा सहिद राजेश ठाकुर पार्क -थाना चौक) देखि महावीर चौकसम्म सडकमा रहेका विद्युतीय पोल हटाउने काम भएको छ। तर विद्युतका पोल हटाइए पनि नेपाल टेलिकमका पोल तथा तारहरू अझै सडक क्षेत्रमा अलपत्र अवस्थामा छन्। सडक विस्तारपछि पनि टेलिकमका पोल र तार व्यवस्थापन नहुनुले सम्बन्धित निकायबीच आवश्यक समन्वयको अभाव देखाउँछ। विद्युत, टेलिकम, स्थानीय सरकार र सडक निर्माण गर्ने निकायबीच प्रभावकारी समन्वय हुन नसक्दा नागरिकले असुरक्षित महसुस गरिरहेको छ।

त्यससँगै हेमनारायण चौकदेखि इमली चौकसम्मको सडकमा सम्याउने काम भएपनि सडकको बीच भागमै ठूलाठूला ढुंगा र इँटाका टुक्राहरू छरिएर रहेका छन्। सडक कालोपत्रे हुनुपर्ने अवस्थामा ढुंगा र निर्माण सामग्री अव्यवस्थित रूपमा छाडिनुले पैदलयात्री तथा सवारी चालकलाई थप जोखिममा पारेको छ। ती ढुंगा सवारीसाधनको चक्काले उछिट्याउँदा पैदल हिँड्ने सर्वसाधारणलाई लाग्न सक्ने खतरा उत्तिकै छ। मोटरसाइकल तथा साइकल चालकका लागि त यस्तो सडक भन्नै जोखिमपूर्ण बन्न सक्छ। सामान्य लापरवाहीका कारण दुर्घटना हुन सक्ने अवस्थालाई नजरअन्दाज गर्नु गम्भीर विषय हो। सडक निर्माणको ठेक्का लिएको निर्माण कम्पनी भगत-बाबा जेभी बानेश्वर-१०, काठमाडौंले आफ्नो जिम्मेवारी सडक खन्ने, माटो पुर्ने र कालोपत्रे गर्ने काममा मात्र सीमित राख्नु हुँदैन्। निर्माण अवधिभर सडकलाई सुरक्षित र व्यवस्थित राख्नु पनि निर्माण कम्पनीको मुख्य दायित्व नै हो। निर्माण कार्य पूरा नहुँदासम्म सर्वसाधारणको आवागमनलाई सहज बनाउने, सडकमा रहेका ढुंगा, इँटाका टुक्रा तथा अन्य अवरोध हटाउने र आवश्यक स्थानमा सुरक्षा संकेत राख्ने काम तत्काल गर्नुपर्छ। निर्माणको नाममा सडकलाई जोखिमपूर्ण अवस्थामा छाडेर नागरिकको सुरक्षामाथि खेलवाड गर्ने छुट कसैलाई छैन्। विकास निर्माणको काममा केही समय असहजता हुनु स्वाभाविक हो। तर असहजता र लापरवाहीबीच भिन्नता हुनुपर्छ। निर्माण कार्यका कारण हुने अस्थायी असुविधालाई नागरिकले विकासका लागि स्वीकार गर्न सक्छन्, तर सडकमा छरिएका ढुंगा, अव्यवस्थित तार र सुरक्षाका उपायको अभावलाई सामान्य मान्न सकिँदैन्। निर्माण कार्यमा ढिलाइ हुनुका कारण जे भएपनि त्यसको प्रत्यक्ष असर सर्वसाधारणले भोग्नुपर्ने अवस्था आउनु हुँदैन्।

यस विषयमा सिरहा नगरपालिका र सडक डिभिजन कार्यालय लहानले तत्काल चासो देखाउन आवश्यक छ। सडक निर्माणको जिम्मा लिएको कम्पनीलाई आवश्यक निर्देशन दिँदै सडकमा रहेका ढुंगा, इँटाका टुक्रा तथा अन्य अवरोध तत्काल हटाउन लगाउनुपर्छ। टेलिकमका पोल तथा तार व्यवस्थापनका लागि नेपाल टेलिकमसँग समन्वय गरी सडक क्षेत्र खाली गराउने पहल गर्नुपर्छ। साथै, निर्माण कार्यलाई निर्धारित समयसीमाभित्र गुणस्तरीय रूपमा सम्पन्न गराउन नियमित अनुगमन र निगरानी पनि उत्तिकै आवश्यक छ। सिरहाको मुख्य सडक सदरमुकामको पहिचान र सहरी विकासको महत्वपूर्ण आधार हो। त्यसैले यसको निर्माणमा गुणस्तर, गति र सुरक्षालाई समान प्राथमिकता दिनुपर्छ। सडक फराकिलो बनाउनु मात्रै विकास होइन, त्यस सडकमा नागरिकले निर्धक्क र सुरक्षित रूपमा हिँड्न पाउनु पनि विकासकै महत्वपूर्ण पक्ष हो। त्यसैले सम्बन्धित निकायले सम्भावित दुर्घटना भएपछि मात्र प्रतिक्रिया जनाउने होइन, दुर्घटना हुनुअघि नै आवश्यक सावधानी अपनाउनुपर्छ। सडकमा छरिएका ढुंगा र इँटाका टुक्रा तत्काल हटाई सडकलाई आवागमनयोग्य बनाउनुपर्छ। अलपत्र टेलिकमका पोल र तारको उचित व्यवस्थापन गर्दै कालोपत्रे निर्माणलाई तीव्रता दिनुपर्छ। सिरहाको सडक निर्माण नागरिकको सास्ती र जोखिमको कारण होइन, सुरक्षित र व्यवस्थित सहरी जीवनको आधार बन्नुपर्छ। नागरिकलाई सुविधा, सहजता र सुरक्षा प्रदान गर्ने गरी सडक निर्माणलाई पूर्णता दिनुपर्छ। यसमा कुनै प्रकारको किन्तु परन्तु गर्नुहुँदैन् र निगरानी गर्ने निकायले आफ्नो सशक्त भूमिका निवाह गर्ने पर्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

१५ वर्षदेखि अधुरै कमला पुल, कहिले हट्छ डुंगाको सास्ती ?

✍ **वाहिद हदीस**



सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीमाथिको पुल निर्माण सुरु भएको १५ वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन। निर्माणका लागि ठेक्का सम्झौता भएको डेढ दशक पुग्दा आयोजनाले पूर्णता पाउन नसक्नु र निर्माण कम्पनीले करिब ९३ प्रतिशत भुक्तानी पाइसक्दा पनि नागरिकले डुंगाबाट जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता कायम रहनुले राज्यको विकास व्यवस्थापन र सार्वजनिक जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ।

पुल नहुँदा कमला नदी वारपार गर्ने स्थानीयले दैनिक आर्थिक भारसँगै जोखिमपूर्ण यात्रा गर्नुपरेको छ। नदीमा पानीको बहाव बढेसँगै डुंगाबाट वारपार गर्नुपर्ने बाध्यता झन् बढेको छ। मोटरसाइकलयात्रीले सिरहाबाट धनुषा जान र धनुषाबाट सिरहातर्फ आउन डुंगावालालाई दैनिक डेढ सय रुपैयाँ तिर्नुपर्छ।

साइकल र पैदलयात्रीले समेत नदी वारपार गर्न दैनिक ५० रुपैयाँ खर्चिनुपर्ने अवस्था छ । कमला नदीमाथि पुल निर्माण सम्पन्न भए करिब ३० किलोमिटर दूरीमा रहेको मधेश प्रदेशको राजधानी जनकपुरधाम पुग्न सहज हुन्छ। तर, वर्षायाममा नदी वारपार गर्न कठिन भएपछि स्थानीयले पूर्व-पश्चिम राजमार्गको ढल्केबर हुँदै करिब ९० किलोमिटर दूरी तय गर्नुपर्ने बाध्यता छ।

आधा घण्टामा पुग्न सकिने गन्तव्यमा पुग्न घण्टौं लाग्ने अवस्थाले स्थानीयको समय र खर्च मात्रै बढाएको छैन, व्यापार, कृषि उपजको ढुवानी, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँचसमेत प्रभावित बनाएको छ।

विडम्बना, पुल निर्माणमा ठेक्केदार कम्पनीले ठूलो रकम भुक्तानी पाइसकेको छ । हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय जनकपुरका अनुसार निर्माण कम्पनीले हालसम्म २३ करोड १९ लाख रुपैयाँ भुक्तानी पाइसकेको छ। यो प्रारम्भिक ठेक्का रकम २४ करोड ९० लाख ९७ हजार रुपैयाँको करिब ९३ प्रतिशत हो। तर, यति ठूलो रकम भुक्तानी भइसक्दा पनि पुल पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन।

२०६८ सालमा करिब २४ करोड ९१ लाख रुपैयाँमा पप्पु-लुम्बिनी जेभीसँग पुल निर्माणको ठेक्का सम्झौता भएको थियो। ४६९ देखि ४७० मिटर लम्बाइको पुल ४२ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर, निर्धारित समयभित्र काम पूरा हुन सकेन। पटकपटक म्याद थप्दा पनि निर्माण कम्पनीले काम सम्पन्न नगरेपछि सरकारले ठेक्का व्यवस्थापनमा हस्तक्षेप गर्नुपरेको थियो।

२०७६ सालमा बाँकी निर्माणको जिम्मेवारी लुम्बिनी बिल्डर्सलाई दिइयो। निर्माण कार्य अन्तिम चरणमा पुगेको दाबी गर्दै २०७८ सालमा पुल सञ्चालनको तयारीसमेत गरिएको थियो । तर, १७ असार २०७८ आएको बाढीले पुलका दुईवटा पाया भासिएपछि निर्माण सम्पन्न हुने अपेक्षा फेरि अन्योलमा पऱ्यो।

त्यसपछि क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र बीमा भुक्तानीको विषयमा निर्माण कम्पनी तथा बीमा कम्पनीबीच विवाद उत्पन्न भयो। बीमाबाट क्षतिपूर्ति प्राप्त नभएको भन्दै निर्माण कम्पनीले काम अघि बढाउन नसकेको अवस्था सिर्जना भयो। यसरी ठेक्का कार्यान्वयनको कमजोरीबाट सुरु भएको समस्या बीमा विवाद र प्राविधिक जटिलतामा अल्झिँदै वर्षौंसम्म लम्बियो।

हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतो भने प्राविधिक मूल्यांकन र डिजाइन पुनरावलोकनका कारण निर्माणमा ढिलाइ भएको बताउँछन्। उनका अनुसार पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। आगामी मंसिरको पहिलो सातादेखि पुल सञ्चालनमा ल्याउने लक्ष्य रहेको उनले बताए।

तर, पटकपटक निर्माण सम्पन्न गर्ने मिति तोकिएर पनि काम पूरा हुन नसकेको विगतले स्थानीयलाई सरकारी प्रतिबद्धताप्रति विश्वस्त बनाउन सकेको छैन।

यसअघि पनि पुल चाँडै सञ्चालनमा ल्याउने भन्दै विभिन्न समयसीमा सार्वजनिक गरिएका थिए। निर्माणको वास्तविक प्रगति, बाँकी काम र सञ्चालनअघि गर्नुपर्ने प्राविधिक परीक्षणबारे स्पष्ट विवरण सार्वजनिक नहुँदा पछिल्लो प्रतिबद्धतामाथि पनि आशंका कायमै छ।

पुल निर्माणमा भएको ढिलाइप्रति स्थानीय जनप्रतिनिधिहरू पनि आक्रोशित छन्। सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादव राज्यले स्थानीयमाथि अन्याय गरिरहेको बताउँछन्।

उनका अनुसार वर्षायाममा अनुगमनका नाममा मन्त्री तथा सरकारी अधिकारीहरू निर्माणस्थल पुगेर निर्देशन दिने गरे पनि त्यसपछि निर्माणले अपेक्षित गति लिन सकेको छैन। 'राज्यले हामीमाथि सरासर अन्याय गरिरहेको छ । वर्षामा अनुगमनका नाममा मन्त्रीहरू आउँछन्, निर्देशन दिन्छन् तर हिउँद लागेपछि सबैले बिर्सन्छन्,' यादव भन्छन्।

कमला पुलको समस्या निर्माण कम्पनीको ढिलासुस्ती र बीमा विवादमा मात्रै सीमित छैन। पुल सञ्चालनमा आउनुअघि नै बाढीबाट संरचना क्षतिग्रस्त हुनु यसको डिजाइन, निर्माण गुणस्तर र प्राविधिक परीक्षणमाथि समेत गम्भीर प्रश्न उठाउने विषय हो।

महालेखापरीक्षकको प्रतिवेदनले पुलको डिजाइन र निर्माणसम्बन्धी विषयमा प्रश्न उठाएको छ । प्रतिवेदनअनुसार पुल रहेको क्षेत्रमा बाढीको प्रभाव क्षेत्र करिब एक हजार दुई सय मिटर रहेको अवस्थामा ४६० मिटर हाराहारीको पुल पर्याप्त नहुने विषय प्राविधिक अध्ययनमा उल्लेख गरिएको छ। पुल क्षतिग्रस्त हुनुअघि भारवहन परीक्षणसमेत नगरिएको प्रतिवेदनमा औंल्याइएको छ।

यदि डिजाइनदेखि निर्माण र परीक्षणसम्म पर्याप्त प्राविधिक सावधानी अपनाइएको थिएन भने त्यसको जिम्मेवारी कसले लिने ? सार्वजनिक स्रोतबाट करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको संरचना सञ्चालनमा आउनुअघि नै क्षतिग्रस्त हुँदा त्यसको वास्तविक कारण र जिम्मेवार पक्ष पहिचान गर्ने काम किन प्रभावकारी रूपमा अघि बढ्न सकेन ? यी प्रश्नको जवाफ अझै नागरिकले पाउन सकेका छैनन्।

कमला पुल निर्माण राजनीतिक दल र सरकारका लागि प्रतिबद्धता जनाउने विषय भने पटकपटक बन्यो। प्रधानमन्त्रीदेखि भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसम्मले निर्माणस्थलको अनुगमन गरे।

हरेक पटक चाँडै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने आश्वासन दिइयो। २०८२ सालमा गृहमन्त्री रमेश लेखकले समेत पुलको निरीक्षण गर्दै निर्माणमा राज्य चुकेको स्वीकार गरेका थिए। पछिल्लो समय भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले पनि निर्माण कार्य अन्तिम चरणमा पुगेको र दुई महिनाभित्र सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका थिए।

चालु आर्थिक वर्षमा पुल निर्माण तथा कमला नदी नियन्त्रणका लागि करिब २५ करोड रुपैयाँ बजेट सुनिश्चित गरिएको सार्वजनिक भएको छ। तर, बजेट विनियोजन र भुक्तानीको तथ्यांकले मात्रै आयोजना सम्पन्न भएको मान्न सकिँदैन। निर्माणमा हालसम्म भएको कुल खर्च, बाँकी कामको लागत, बीमा विवादको अवस्था र आयोजनाको अन्तिम प्राविधिक परीक्षणबारे सम्बन्धित निकायले स्पष्ट विवरण सार्वजनिक गर्न आवश्यक छ।

कमला पुलको प्रतीक्षामा रहेका नागरिकका लागि अब अर्को निरीक्षण, अर्को निर्देशन वा अर्को समयसीमा पर्याप्त छैन। मोटरसाइकलयात्रीले दैनिक डेढ सय रुपैयाँ तिरेर डुंगा चढ्नुपर्ने, पैदलयात्रीले समेत शुल्क तिरेर जोखिमपूर्ण नदी पार गर्नुपर्ने र सामान्य दूरीका लागि तीन गुणा बढी बाटो घुम्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ।

१५ वर्षसम्म सार्वजनिक लगानीको आयोजना अधुरो राख्ने निर्माण कम्पनी, कमजोर अनुगमन गर्ने सरकारी निकाय र प्राविधिक त्रुटिका विषयमा जिम्मेवार पक्षको पहिचान गरी जवाफदेही बनाउनु पनि उत्तिकै आवश्यक छ । कमला पुल दुई जिल्लालाई जोड्ने संरचना मात्रै होइन, मधेशको आर्थिक गतिविधि र नागरिकको सहज आवागमनसँग जोडिएको महत्त्वपूर्ण आयोजना हो।

सिरहाको महिसोथामा नि:शुल्क स्वास्थ्य .....

नि:शुल्क औषधि वितरणलगायतका सेवा उपलब्ध गराइएको थियो । शिविरबाट स्थानीय नागरिकले आफ्नै गाउँमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा उपचार सेवा लिएका थिए।

नोबेल मेडिकल कलेज शिक्षण अस्पताल विराटनगरको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको आयोजकले जनाएको छ।

युवा समाज महिसोथाका ई. रूपेश कुमार यादवका अनुसार स्थानीय नागरिकलाई सहज र सुलभ रूपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको हो।

आजको राशिफल

मेष : राम्रो दिन छ। सानातिना कुराले मनमा खुसी मिल्ने छ। बोलीको प्रभावले काम बन्नेछ।

बृष : दिन राम्रो छ। धर्मकर्ममा मन जानेछ। शिक्षा र स्वास्थ्यमा गरेको लगानीबाट फाइदा मिल्ने छ। नयाँ अवसर हात लाग्ने छ।

मिथुन : आफैंले बोलेको कुराले पछुतो लाग्ने छ। बोल्दा ध्यान दिनुपर्नेछ। बन्धुसँग गरेको सहकार्यले तपाईंलाई फाइदा हुनेछ।

कर्कट : दिन राम्रो छ। बोलीको प्रभावले काम बन्नेछन्। आज डुब्न लागेको लगानी उठ्ने छ।

सिंह : दिन सामान्य छ। धर्मकर्ममा मन जानेछ। आज दान दक्षिणा गर्नु उचित हुनेछ।

कन्या : आज जोगिएर काम गर्नुपर्ने दिन छ। श्रम शोषण गर्ने सक्रिय छन्। शिक्षामा भने नाम, दाम कमाउने दिन छ।

तुला : दिन राम्रो छ। स्वास्थ्य र शिक्षामा गरेको मिहिनेतको फल मिल्ने छ। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।

वृश्चिक : शिक्षामा गरेको लगानीमा आंशिक लाभ हुनेछ। स्वास्थ्यमा समस्या आउन सक्छ।

धनु : प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ। संकटमा साथीको साथ मिल्ने छ। शिक्षामा थप मिहिनेत गर्नुपर्ने समय छ।

मकर : दिन राम्रो छ। धनलक्ष्मी योग परेको छ। समयको सदुपयोग गर्नुहोला। शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ।

कुम्भ : स्वास्थ्य लाभ हुनेछ। आज थोरै बोलेर अघि बढ्नु उपयुक्त हुनेछ। टाढाको यात्रा नगर्नु उचित हुन्छ।

मीन : शिक्षा र स्वास्थ्यमा सुधारका संकेत भेटिने छन्। पारिवारिक सुत्रको सल्लाह लिएर अघि बढ्नु होला।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

मधेशमा चाडपर्वले चलायमान बनायो बजार, बढ्यो आर्थिक कारोबार

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १८ गते



दसैँ सकिएलगत्तै दीपावली, तिहार र छठ पर्व नजिकिएपछि मधेश प्रदेशसहित मुलुकभरका बजारमा किनमेल गर्ने उपभोक्ताको चहलपहल बढेको छ।

चाडपर्व लक्षित व्यापारिक गतिविधि विस्तार भएसँगै दैनिक उपभोग्य वस्तुदेखि लत्ताकपडा, गरगहना, विद्युतीय उपकरण र सवारीसाधनसम्मको कारोबार बढेको छ।

यसले सुस्त रहेको बजारलाई चलायमान बनाउनुका साथै होटल, रेस्टुरेन्ट, यातायात र पर्यटन क्षेत्रको आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पारेको छ।

मधेश प्रदेशको राजधानी जनकपुरधामसहित देशका प्रमुख सहरका बजारमा चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्ने उपभोक्ताको उपस्थिति बाक्लिएको छ।

जनकपुरधामका शिवचोक, रामचोक, मुरलीचोक, जानकी चोकलगायतका व्यापारिक क्षेत्रमा बिहानदेखि साँझसम्म किनमेल गर्नेको भीड देखिन थालेको छ।

चाडपर्वमा नयाँ लुगा लगाउने, घर सजाउने, मिठाई तथा अन्य परिकार बनाउने र आफन्तलाई उपहार दिने परम्पराका कारण बजारमा विभिन्न वस्तुको माग बढेको व्यवसायी बताउँछन्।

उपभोक्तालाई आकर्षित गर्न व्यापारीले मूल्यमा छुट, उपहार तथा विशेष प्याकेज सार्वजनिक गरेका छन्। विशेषगरी लत्ताकपडा, जुत्ता, इलेक्ट्रोनिक्स, फर्निचर र घरायसी सामग्रीका पसलमा चाडपर्व लक्षित योजना सञ्चालन भइरहेका छन्।

उपभोक्ताले पनि दसैँपछि दीपावली, तिहार र छठका लागि आवश्यक सामग्री खरिद गर्ने भएकाले बजारमा कारोबारको चाप बढेको छ।

साउन सङ्क्रान्तिपछि तीजबाट सुरु हुने चाडपर्वको आर्थिक गतिविधि दसैँ हुँदै तिहार र छठसम्म जारी रहने गरेको छ।

नेपाली समाजमा चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक महत्त्वमा सीमित नभई पारिवारिक भेटघाट, सामाजिक सम्बन्धको नवीकरण र आर्थिक कारोबार विस्तारको अवसरसमेत बन्ने गरेका छन्।

परिवारका सदस्य तथा आफन्त एकै ठाउँमा भेला हुने, मीठोमसिनो खाने, नयाँ लुगा लगाउने र मान्यजनबाट आशीर्वाद लिने परम्पराले उपभोगमा वृद्धि गराउँछ।

जनकपुरधाममा लामो समयदेखि अर्थशास्त्र अध्यापन गर्दै आएका सञ्जय साहका अनुसार चाडपर्वका बेला घरपरिवारको खर्च बढ्ने र व्यवसायीले पनि ग्राहक आकर्षित गर्न विभिन्न छुटका योजना ल्याउने भएकाले बजारमा वस्तु तथा सेवाको माग बढ्छ।

उनले चाडपर्वमा हुने खर्चले उत्पादन, वितरण र बिक्रीको प्रक्रियालाई सक्रिय बनाउने बताए। उनका अनुसार चाडपर्वमा उपभोक्ताले सामान्य समयको तुलनामा बढी खर्च गर्ने भएकाले व्यापारिक कारोबारमा वृद्धि हुन्छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले चाडपर्वको कारोबारले वर्षभरिको व्यापारिक चक्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताए।

उनका अनुसार चाडपर्वमा उपभोक्ताले दैनिक आवश्यकताका वस्तुका साथै लामो समयसम्म प्रयोग हुने टिकाउ सामग्री खरिद गर्ने प्रवृत्ति बढेको छ।

फर्निचर, विद्युतीय उपकरण तथा अन्य घरायसी सामग्री खरिद गर्न उपभोक्ताले चाडपर्वमा उपलब्ध हुने छुट र सहुलियतको प्रतीक्षा गर्ने गरेका छन्। यसका कारण चाडपर्वको समयमा यस्ता वस्तुको बिक्री बढ्ने गरेको उनले बताए।

इन्टरनेट सेवा प्रदायक, सञ्चार क्षेत्र, होटल, रेस्टुरेन्ट तथा ट्राभल एजेन्सीले समेत ग्राहक आकर्षित गर्न विशेष प्याकेज ल्याउने गरेका छन्।

घर जाने तथा आफन्तसँग भेटघाट गर्नेको सङ्ख्या बढ्दा यातायात सेवाको माग बढ्ने गरेको छ भने घुमफिर र पारिवारिक जमघटका कारण होटल तथा रेस्टुरेन्ट व्यवसायले पनि लाभ लिने गरेका छन्।

नेपाल उद्योग परिसंघ मधेश

बाँकी पृष्ठ ४ ▸▸

मधेशी राजनीतिमा युवा पुस्ताको नेतृत्वका लागि बहस

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १८ गते



मधेशी राजनीतिको नेतृत्व युवा पुस्ताले लिनुपर्ने बहस सुरु भएको छ। मधेशी दल तथा नेताहरूको परीक्षा अघिल्लो चुनावमा भइसकेको र सो परीक्षामा उनीहरू फेल भएको कारण अब मधेशको नेतृत्व युवाले गर्ने भनी त्यसमा बहस सुरु भएको छ।

सहिद सञ्जय चौधरी स्मृति प्रतिष्ठानले मधेशमा यो बहसको सुरु गरेको छ। काठमाडौँदिखि मधेशका विभिन्न जिल्लामा आफ्नो कार्यक्रम सम्पन्न गरिसकेको छ। मंगलबार पर्साको वीरगन्जमा मधेशमा युवा नेतृत्वको बारे बहस कार्यक्रम चलाएको थियो। 'मधेश: अबको बाटो, मधेशी राजनीतिको समीक्षा' कार्यक्रमको आयोजन गरी मधेशमा पुस्तान्तरणको आवश्यकतामा जोड दिएको प्रतिष्ठान सञ्चालक एवं सामाजिक अभियन्ता सञ्जय यादवले बताए।

अभियन्ता यादवले नेपालको राजनीतिमा मधेश दल आए पनि कुर्सीको खेल भयो, विभिन्न कुर्सीहरू परिवर्तन भयो तर समाज र जनताको लागि कुनै काम नभएको बताए। मधेशका जनताले परिवर्तन चाहेको छ, र युवाबाट मात्र परिवर्तन सम्भव रहेको बताउँदै उनले अब पुरानो मधेश रहेन, नयाँ मधेश भइसक्यो अब नयाँ ढङ्गले सोच्ने बेला आएको बताए।

कार्यक्रममा अधिवक्ता आनन्द गुप्ताले जेनजी आन्दोलनपछि मधेशी दल तथा नेताहरूको विश्वसनीयतामा कमी आएको बताएका थिए। मधेशका मूल मुद्दाहरू अझै पूरा नभएकाले ती मुद्दा सम्बोधन गराउन राज्यलाई दबाब दिने रणनीति आवश्यक रहेको उनको धारणा थियो।

कार्यक्रममा कार्यक्रममा पूर्वसांसदद्वय प्रह्लाद गिरी, बिक्की यादव, अर्थशास्त्री प्राध्यापक इन्दुशेखर मिश्र, प्रा. डा. हरेराम ठाकुर, ठाकुरराम बहुमुखी क्याम्पसका पूर्वप्रमुखद्वय ए.के. झा र डा. उमेश चौरसियालगायतले आफ्नो धारणा राख्नुहुँदै मधेशी दल तथा नेताहरूको कार्यसम्पादनको समीक्षा जनताले पछिल्लो निर्वाचनबाटै गरिसकेकाले अब पुरानो शैलीले राजनीति अगाडि नबढ्ने धारणा राखेका थिए।

मधेशको राजनीतिक नेतृत्व नयाँ युवा पुस्ताले आफ्नो हातमा लिएर सामाजिक मुद्दालाई समेत सम्बोधन गर्ने स्पष्ट कार्यक्रमसहित अगाडि बढ्नुपर्ने उनीहरूको धारणा थियो।

पोसाक भत्ता बुझ्ने भूमि प्रशासन प्रमुख नै जिन्स र भेस्टमा .....

नसकेको जवाफ दिएका थिए। अघिल्लो दिन पनि सरकारी पोसाक नलगाएको विषयमा प्रश्न गर्दा उनले 'प्रमाण देखाउनुस्' भन्दै चुनौती दिएका थिए।

कार्यालय समयमा सरकारी पोसाकबिना रहेको तस्बिर तथा भिडियो देखाउँदा भने उनले आफ्नो बचाउ गर्दै 'यो पोसाक केही होइन, बुझ्नुस्, यसले केही हुँदैन' भन्ने प्रतिक्रिया दिएका थिए।

कार्यालय प्रमुखबाटै पोसाकसम्बन्धी व्यवस्था पालना नभएको आरोप लागेपछि मातहतका कर्मचारीको अनुशासन र कार्यालयको कार्यसंस्कृतिमाथि समेत प्रश्न उठेको छ। नाम उल्लेख नगर्ने सर्तमा सोही कार्यालयका एक कर्मचारीले प्रमुखले नै सरकारी पोसाक नलगाउने गरेपछि अन्य कर्मचारीमा पनि त्यसको प्रभाव परेको बताए।

'कार्यालय प्रमुखले नै नलगाएपछि हामीले मात्र लगाएर के हुन्छ र ? पोसाक प्रयोग हुनु र नहुनुमा केही फरक छैन,' ती कर्मचारीले भने।

यसैबीच, कार्यालयमा कार्यरत लेखापढी व्यवसायीहरूले पनि प्रमुख ठाकुरको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन्। उनीहरूका अनुसार कार्यालय प्रमुख सरकारी पोसाकमा नियमित रूपमा देखिँदैनन् भने सेवाग्राहीका काममा समेत अनावश्यक ढिलाइ हुने गरेको छ।

केही लेखापढी व्यवसायीले ऐन-कानुनअनुसार काम गर्नुपर्ने कार्यालय प्रमुखले स्वेच्छाचारी ढङ्गले काम रोक्ने र सेवाग्राहीलाई दुःख दिने गरेको आरोप लगाएका छन्।

'कार्यालय प्रमुखज्यू ऐन र कानुनको कुरा नै गर्नुहुन्न। आफ्नो मनपरी ढङ्गले बिना कारण काम रोक्ने र दुःख दिने काम भइरहेको छ,' एक लेखापढी व्यवसायीले गुनासो गरे।

सरकारी कार्यालयको नेतृत्व गर्ने अधिकारीले आफैँ नियम, अनुशासन र मर्यादाको पालना गर्दै मातहतका कर्मचारीलाई पनि त्यसको कार्यान्वयन गराउनुपर्ने हुन्छ। तर, कार्यालय प्रमुखमाथि नै सरकारी पोसाकसम्बन्धी व्यवस्था पालना नगरेको तथा सेवाग्राहीलाई अनावश्यक सास्ती दिएको आरोप लागेपछि कार्यालयको सेवा प्रवाह र उनको कार्यशैलीबारे प्रश्न उठेको छ।

सरकारी पोसाकसम्बन्धी व्यवस्था पालना भए-नभएको तथा सेवाग्राहीका गुनासोको वास्तविकता यकिन गर्न सम्बन्धित उच्च निकायबाट छानबिन हुनुपर्ने स्थानीयवासी, सेवाग्राही तथा लेखापढी व्यवसायीहरूको माग छ। उनीहरूले कमजोरी पुष्टि भए प्रचलित कानुनअनुसार आवश्यक विभागीय कारबाही गर्नसमेत सम्बन्धित निकाय र जिल्ला प्रशासन कार्यालयसँग आग्रह गरेका छन्।





स्वदेशी वस्तुको प्रयोग गरौं।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

सिरहा नगरपालिका
८ नं. वडा कार्यालय, महिसोथा
मधेश प्रदेश, सिरहा (नेपाल)

यस वर्षको भाइटीकाको उत्तम साइत कार्तिक २५ गते बिहान ११:०७ बजे

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १८ गते



नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको तिहार अर्थात् यमपञ्चकका पर्व तथा भाइटीकाको साइत सार्वजनिक गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको समितिले सार्वजनिक गरेको विवरणअनुसार यस वर्ष कार्तिक २० गते शुक्रबारदेखि यमपञ्चक सुरु हुनेछ। कार्तिक २० गते धनत्रयोदशी (धनतेरस) तथा धन्वन्तरि जयन्तीका अवसरमा धनपूजा र यमदीपदान गरिनेछ।

कार्तिक २१ गते शनिबार काग तिहार तथा धन्वन्तरि जयन्ती, २२ गते आइतबार नरक चतुर्दशी, कुकुर तिहार र लक्ष्मीपूजा परेको छ। त्यसैगरी कार्तिक २३ गते सोमबार गाईपूजा तथा कार्तिक २४ गते मंगलबार गोवर्द्धन पूजा, गोरु पूजा, बलिपूजा, हलितिहार र म्हःपूजा मनाइनेछ। सोही दिनदेखि नेपाल संवत् ११४७ प्रारम्भ हुनेछ।

समितिका अनुसार कार्तिक २५ गते बुधबार यमद्वितीया अर्थात् भाइटीका परेको छ। भाइटीकाको उत्तम साइत बिहान ११ बजेर ७ मिनेटमा रहेको समितिले जनाएको छ।

भाइटीकाका दिन दाजुभाइ पश्चिम फर्कने र दिदीबहिनी पूर्व फर्केर टीका लगाइदिने गरी पश्चिम मोहडा उपयुक्त हुने समितिले सार्वजनिक गरेको सूचनामा उल्लेख छ।

समितिका कार्यकारी निर्देशक तथा उपसचिव घनश्याम भुसालद्वारा हस्ताक्षरित सूचनामा यमपञ्चकअन्तर्गतका पर्व तथा भाइटीकाको मिति, बार र साइतबारे जानकारी गराइएको छ।

आईजीपीलाई दर्ज्यानी चिह्न प्रदानपछि .....

कुनै कठिनाइ भए मन्त्रालय सहयोग गर्न तयार रहेको उनको भनाइ थियो।

उनले प्रहरी संगठनलाई अझै बलियो, व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने उल्लेख गर्दै विशेषगरी फिल्डमा खटिने प्रहरी जवानहरूको भूमिका महत्वपूर्ण रहेको बताए।

मधेशमा चाडपर्वले चलायमान बनायो बजार, बढ्यो आर्थिक .....

प्रदेशका अध्यक्ष प्रमोद साहले दसैँ, तिहार र छठका बेला आम्दानी तथा खर्च दुवै बढ्ने भएकाले आर्थिक गतिविधिले गति लिने बताए।

उनका अनुसार सरकारी तथा निजी क्षेत्रका कर्मचारीले पाउने तलब, चाडपर्व खर्च र अन्य आम्दानीले बजारमा नगद प्रवाह बढाउँछ।

नेपाल चेम्बर अफ कमर्स मधेश प्रदेशका अध्यक्ष विजयकुमार साहले चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तुको माग बढ्ने र व्यापारिक गतिविधि विस्तार हुने बताए।

'दसैँमा सरकारी तथा निजी क्षेत्रमा काम गर्नेले तलबका अतिरिक्त चाडपर्व खर्च पाउँछन्। उनीहरूले गर्ने खर्चले बजारमा किनमेल बढाउँछ,' उनले भने।

चाडपर्वका बेला बजारमा हुने कारोबारले आर्थिक गतिविधिलाई सक्रिय बनाउन सहयोग पुग्ने उनको भनाइ छ। उनका अनुसार चाडपर्वमा उपभोक्ताको माग बढ्दा व्यापारी, ढुवानी व्यवसायी, श्रमिक र विभिन्न सेवा प्रदायकले समेत काम पाउने अवसर बढ्छ।

चाडपर्वको समयमा बजारमा माग बढ्नुको अर्को महत्त्वपूर्ण आधार वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण हो। वैदेशिक रोजगारीमा रहेका नेपालीले चाडपर्व मनाउन तथा घरपरिवारको खर्च व्यवस्थापन गर्न रकम पठाउने क्रमले उपभोगमा सहयोग पुऱ्याउँछ।

विशेषगरी मधेश प्रदेशका ग्रामीण क्षेत्रमा परिवारका सदस्यले विदेशबाट पठाएको रकमले लत्ताकपडा, खाद्यान्न, घरायसी सामग्री र अन्य आवश्यक वस्तु खरिद गर्न सहयोग गर्ने गरेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह दुई खर्ब १५ अर्ब पाँच करोड रुपैयाँ पुगेको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.२ प्रतिशतले बढी हो।

विप्रेषणको रकम घरपरिवारको दैनिक खर्च, शिक्षा, स्वास्थ्य, आवास तथा अन्य आवश्यकतामा उपयोग हुने भएकाले यसले समग्र उपभोग र बजारको मागमा प्रभाव पार्छ। चाडपर्वका बेला घरपरिवारको खर्च थप बढ्ने हुँदा विप्रेषणबाट प्राप्त रकमको केही हिस्सा बजारमा प्रवाह हुने गर्छ।

चाडपर्वमा माग बढेसँगै बजारमा मूल्यवृद्धि, कृत्रिम अभाव, गुणस्तरहीन वस्तुको बिक्री र म्याद गुज्रिएका सामग्रीको कारोबार हुन सक्ने जोखिम पनि रहन्छ। यस्तो अवस्थामा उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

व्यापारीले पनि उपभोक्ताको विश्वास कायम राख्न वस्तुको मूल्य, गुणस्तर र छुटसम्बन्धी विवरण स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्ने हुन्छ।

उपभोक्ताले समेत आवश्यकता अनुसार बजेट बनाएर खर्च गर्ने, मूल्य तुलना गर्ने र खरिद गरिएका वस्तुको बिल लिने अभ्यासलाई प्राथमिकता दिनुपर्छ।

चाडपर्वमा बढ्ने उपभोगलाई स्थानीय उत्पादनसँग जोड्न सके यसको आर्थिक लाभ गाउँदेखि सहरसम्म विस्तार हुन सक्छ। मधेश प्रदेशमा उत्पादित खाद्यान्न, मिठाई, हस्तकला, घरेलु सामग्री, परम्परागत पोसाक र स्थानीय उद्यमका वस्तुको बिक्री बढाउन सके साना उत्पादक तथा व्यवसायीको आम्दानी वृद्धि गर्न सहयोग पुग्नेछ।

जनकपुर बिजलपुरा रेल सेवालाई व्यवस्थित र पर्यटकमैत्री .....

व्यवस्था लागू गर्न अभियानले आग्रह गरेको छ। त्यस्तै, यात्रु प्रतीक्षालयलाई सुविधासम्पन्न तथा व्यवस्थित बनाई नियमित सञ्चालनमा ल्याउनुपर्ने माग पनि अघि सारिएको छ।

अभियानले रेल्वे प्लेटफर्ममा बिग्रिएका भौतिक संरचनाको तत्काल मर्मतसम्भार गर्नुपर्ने, खानेपानी तथा शौचालयको उचित व्यवस्थापन गरी नियमित सञ्चालन गर्नुपर्ने र लामो समयदेखि सञ्चालनमा नरहेका विद्युतीय उपकरण तथा अन्य साधन मर्मत गरी प्रयोगमा ल्याउनुपर्ने माग गरेको छ।

त्यसैगरी, रेल्वे कम्पनीको कम्पाउन्डभित्र रहेका खाली तथा घेराबार गरिएका जग्गालाई व्यवस्थित पार्क र बगैँचाका रूपमा विकास गर्नुपर्ने अभियानको सुझाव छ।

रेल्वे परिसरमा निर्माण सम्पन्न भइसकेका दैनिक हाटबजारका लागि बनाइएका सटर तथा भवन लामो समयदेखि पूर्ण रूपमा उपयोगमा आउन नसकेको भन्दै अभियानले तिनलाई अविलम्ब सञ्चालनमा ल्याउनसमेत माग गरेको छ।

यसैगरी, रेल्वे क्रसिङ क्षेत्रमा दैनिकजसो सवारी दुर्घटना हुने गरेको विषयलाई पनि ज्ञापनपत्रमा प्राथमिकताका साथ उठाइएको छ। रेल्वे क्रसिङ आसपासका सडक मर्मत गरी आवश्यक संकेत, छेकबार तथा सुरक्षा प्रबन्ध मिलाउन अभियानले माग गरेको छ।

ज्ञापन पत्र बुझ्दै महाप्रबन्धक पराजुलीले ममर्त सम्भार र सरसफाईका कार्य अहिले दैनिक रुपमा भईरहेको र थप प्रभावकारी रुपमा अगाडि बढाउने बताए। उनले यात्रुको चाँपलाई मध्येनजर गर्दै रेलको फ्रिक्वेन्सी बढाउन डब्बा थप गर्ने प्रस्ताव पेश गरिसकेको जानकारी दिए। उनले रेल्वे परिसरमा निर्माण भएका भाडा लगाउन राखिएका कोठाहरु हस्तान्तरण नभएकोले हस्तान्तरण भएलगत्तै ठेक्का वा भाडामा लगाईने बताए। अयोध्यादेखि जनकपुरसम्म रेल चलाउन तयारी भईरहेको समेत महाप्रबन्धक पराजुलीले जानकारी दिए। उनले भोली भारतीय ट्रेन ट्याक टेस्टका लागि विहीबार आउन लागेको बताए।

विपत्को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफबाहको पछि नलागौं - आधिकारिक जानकारीमा ध्यान दिऔं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मधेशमा कांग्रेसको सरकार बचाउन सभापति थापा सक्रिय

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १८ गते



एमालेले समर्थन फिर्ता लिएपछि संकटमा परेको कृष्णप्रसाद यादव नेतृत्वको मधेश प्रदेश सरकार जोगाउन कांग्रेस सभापति गगन थापा सक्रिय भएका छन्। उनले मंगलबार एमाले अध्यक्ष केपी ओलीलाई भक्तपुरको गुन्डुस्थित उनकै निवास पुगेर भेट गरेका छन्।

एमाले सरकारबाट हटेपछि कांग्रेसबाट निर्वाचित मुख्यमन्त्री यादव ३० दिनभित्र विश्वासको मत लिनुपर्ने अवस्थामा छन्। एमालेले ३० असोजमा मधेश सरकारबाट आफ्ना चारै जना मन्त्रीलाई फिर्ता बोलाउँदै मुख्यमन्त्रीलाई दिएको समर्थनसमेत फिर्ता लिएको थियो। त्यही कारण मुख्यमन्त्री यादवले २८ कार्तिकभित्र विश्वासको मत लिनुपर्नेछ।

मधेश प्रदेशमा कांग्रेसले एमाले र नेकपासँग मिलेर सरकार बनाएको थियो। सरकारलाई समर्थन फिर्ता लिने क्रममा एमालेले १५ बुँदे समझदारी कार्यान्वयन नगरेको आरोप लगाएको थियो। नेकपाले भने वर्तमान सरकारलाई समर्थन गर्दै आएकाले एमाले अप्ठ्यारोमा परेको छ। पछिल्लो समय प्रदेश सरकारका लागि एमाले र नेकपाले गठबन्धन गरेका छन्। गण्डकी र मधेश प्रदेशमा भने कांग्रेसको नेतृत्वमा सरकार छ।

यता विश्वासको मत लिने समय घर्किंदा मुख्यमन्त्री यादवले सरकार बचाउन केन्द्रसँग हारगुहार गरिरहेका छन्। कांग्रेस सभापति थापाले कार्यकाल सकिन एक वर्ष मात्रै बाँकी रहेका बेला मधेश प्रदेश सरकार परिवर्तनले राम्रो सन्देश नदिने भन्दै पुरानै समीकरणमा फर्कन ओलीसँग आग्रह गरेको स्रोतले जनाएको छ। ओलीले गठबन्धनमा रहेका नेकपा र आफ्नै दलभित्र छलफल गरेर निर्णय लिने बताएका छन्।

कांग्रेसका मधेश प्रदेशका उपसभापति एवं प्रदेश सांसद वीरेन्द्र सिंहले विश्वासको मत लिने विषयमा कांग्रेसले सबै दलसित छलफल गरिरहेको जानकारी दिए। 'तर, कुनै ठोस निष्कर्षमा पुगिसकेका छैनौं,' उनले भने। सरकारबाट बाहिरिनुअघि एमालेले जसपा नेपाल, जनमत र नेकपासँग गठबन्धन गरेर मधेश प्रदेशमा अर्को सरकार बनाउने गृहकार्य गरेको थियो। तर, प्रदेशस्तरमा भएको त्यस गृहकार्यमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सीके राउत सहमत भएनन्।

जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादय (बारा), एमालेका संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी) र जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवबीचको सल्लाहमा मधेश प्रदेशमा जसपा नेपालको नेतृत्वमा अर्को सरकार बनाउने सहमति भएको थियो। गत साता जनकपुर आएका जसपा नेपालका अध्यक्ष यादवले यस विषयमा प्रदेशस्तरमा छलफल गरेका थिए।

पार्टी अध्यक्ष यादव दक्षिण कोरियामा रहेकाले मधेश प्रदेशमा सरकार बनाउने विषयमा प्रगति हुन नसकेको जसपा नेपालका महासचिव एवं मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले बताए। 'अध्यक्ष फर्किएपछि सरकारका विषयमा छलफल होला,' उनले भने, 'मधेश प्रदेशमा बन्ने अर्को सरकारमा जसपा नेपाल सहभागी हुने कुरा त छ तर कुन भूमिकामा रहने भन्नेमा छलफल हुन सकेको छैन।'

कांग्रेससँग सरकारमै रहेको नेकपा भने यस मामिलामा मौन छ। गत सोमबार महोत्तरीको बर्दिबासमा आयोजित कार्यक्रममा नेकपा संयोजक पुष्पकमल दाहालले मधेशमासरकार गठनका विभिन्न विकल्पमाथि दलहरूबीच कुराकानी भइरहेको बताएका थिए। 'मधेश प्रदेशमा स्थिर र प्रभावकारी सरकार बनाउन दलहरूबीच विभिन्न विकल्पमा छलफल भइरहेको छ,' दाहालले भनेका थिए।

प्रदेशसभाको यो कार्यकालमा सुरुमा जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव (बारा) को नेतृत्वमा सरकार बन्यो। तर सरकार १५ महिनामै ढल्यो। त्यसपछि जनमत पार्टीका सतिशकुमार सिंहले सरकारको नेतृत्व सम्हाले। जेन-जी आन्दोलनपछि पार्टीभित्रको विवादका कारण सिंहले राजीनामा दिए। त्यसपछि लोसपाका सांसद जितेन्द्र सोनल मुख्यमन्त्री बने। विश्वासको मत लिने क्रममा सोनलको सत्ता सारथि दल नेकपाका दुई सांसद रहबर अन्सारी र माला कर्णले विद्रोह गरे।

त्यसपछि तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमालेका संसदीय दल नेता सरोजकुमार यादव (महोत्तरी) लाई मुख्यमन्त्रीमा नियुक्ति गरिन् र महोत्तरीको एक होटलमा झिसमिसेमा शपथ गराइन्। यो मामिला सर्वोच्च अदालतमा पुग्यो। सर्वोच्चले एमाले नेतृत्वको सरकार गठनलाई असंवैधानिक भनेपछि सात दलले कांग्रेसको नेतृत्वमा सरकार बनाएका थिए। पछि सरकारमा सहभागी अन्य दलका मन्त्रीलाई मुख्यमन्त्री यादवले बर्खास्त गर्दै एमाले र नेकपासँग गठबन्धन गरेका थिए।

मधेश प्रदेशसभामा पहिले एमाले २४ सांसदसहित सबैभन्दा ठूलो दल रहेकामा जसपा नेपाल र लोसपाको एकीकरणपछि २८ सांसदसहित जसपा नेपाल ठूलो दल बनेको छ। कांग्रेससँग २२ सांसद छन्। नेकपाका १५, जनमत पार्टीका १२, नेपाल संघीय समाजवादी पार्टी, राप्रपा र नागरिक उन्मुक्ति पार्टीका १-१ सांसद छन्।

शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०२/१४ गते घरबाट लहान जाने क्रममा मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

नाम: अमरिस कुमार साह
ठेगाना: चैनपुर-७, सिरहा (हाल : धनगढीमाई नगरपालिका-१०)
सम्पर्क नं.: ९७६५७१८१९३ **रजिस्ट्रेशन नं.** ७०१६२४००७



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

विश्वास, शुद्धता र गुणस्तर हाम्रो पहिचान
राहुल ज्वेलर्स
शुद्धता हाम्रो प्रतिबद्धता
उचित मूल्यमा सर्वोत्तम सेवा
सुनचाँदीका गरगहना तथा विश्वसनीय गन्तव्य
- २४ क्यारेट सुनका गरगहना
- ११६ केडीएम (Hallmark) सुनका नयाँ-नयाँ डिजाइन
- आकर्षक चाँदीका गरगहना
- विवाह तथा विशेष अवसरका सम्पूर्ण गहनाहरु उपलब्ध
- पुरानो सुन-चाँदी साटफेर तथा उचित मूल्यमा खरिद-बिक्री
- अनुभवी कालीगढद्वारा मर्मत तथा नयाँ डिजाइन निर्माण

हार सेट, चुरा, झुम्का, औंठी, मंगलसूत्र
नोट : यहाँ बिना रसायनको पनि गहना बनाइन्छ ।
हसुली, पायल, डरकस, डरकस (नयाँ डिजाइन), हस्कल
सिरहा नगरपालिका-१, सिरहा
प्रोपाराइटर
शत्रुधन प्रसाद साह
9815770866